# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना १

### भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६

भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गरी सो आयोगको काम, कर्तब्य र अधिकार समेत तोक्न आवश्यक भएकोले,

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख. को उपदफा (६) बमोजिमको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस आदेशको नाम भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "आयोग" भन्नाले दफा ३ बमोजिमको आयोग सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ सम्झनु पर्छ ।

(ग) "जिल्ला समिति" भन्नाले दफा ८ बमोजिमको जिल्ला समिति सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

३. <u>आयोगको गठन</u>: (१) नेपालभरका भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको भूमि सम्बन्धी समस्या समाधान आयोगको गठन हुनेछ:-

(क) नेपाल सरकारले मनोनयन गरेको व्यक्ति –अध्यक्ष

(ख) नेपाल सरकारले मनोनयन गरेको कम्तीमा एक जना विज्ञ सहित चार जना –सदस्य

(ग) सम्बन्धित प्रदेश सरकारले मनोनयन गरेको एक जना -सदस्य

(घ) नेपाल सरकारले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम सदस्य मनोनयन गर्दा कम्तीमा एकजना महिला मनोनयन गर्नु पर्नेछ ।

(३) आयोगको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. <u>अध्यक्ष तथा सदस्यको पदावधिः</u> (१) आयोगको विघटन नभएसम्म अध्यक्ष तथा सदस्यहरु आफ्नो पदमा बहाल रहने छन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अध्यक्ष वा उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यलाई नेपाल सरकारले र सोही उपदफाको खण्ड (ग) बमोजिमको सदस्यलाई प्रदेश सरकारले पदबाट हटाउन सक्नेछः-

(क) इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेमा,

(ख) कार्यक्षमताको अभाव भएमा,

(ग) शारीरिक तथा मानसिकरुपले अशक्त भई कार्य सम्पादन गर्न असमर्थ भएमा ।

(३) उपदफा (२) बमोजिम पदबाट हटाउनु अघि सफाईको मनासिब मौका दिनु पर्नेछ ।

५. **<u>आयोगको अध्यक्ष र सदस्यको पद रिक्त हुनेः</u>** देहायका अवस्थामा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) आयोगको अध्यक्ष र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यले नेपाल सरकार समक्ष र सोही उपदफाको खण्ड (ग) बमोजिमको सदस्यले सम्बन्धित प्रदेश सरकार समक्ष राजीनामा दिएमा,

(ख) दफा ४ को उपदफा (२) बमोजिम पदबाट हटाइएमा,

(ग) निजको मृत्यु भएमा ।

६. **आयोगको काम, कर्तव्य र अधिकार**: यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भूमि सम्बन्धी समस्या समाधान सम्बन्धी कार्ययोजना तयार गरी स्वीकृत गर्ने,

(ख) भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको लागि आधार र मापदण्ड तोक्ने,

(ग) भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलनको लागि आवश्यक कार्यविधि र ढाँचा तयार गरी स्वीकृत गर्ने,

(घ) भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरणको काम स्थानीय तह मार्फत गर्ने,

(ङ) नक्शा स्रेस्ता तयार गर्न मालपोत कार्यालय, नापी कार्यालय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने वा गराउने,

(च) स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न आवश्यक प्रणालीको विकास गरी सोही प्रणालीको आधारमा

अव्यवस्थित बसोबासीको जग्गाको वर्गीकरण गर्ने,

(छ) अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराए बापत ऐन बमोजिमको दस्तुर लिने,

(ज) ऐनको दफा ५२ख. को उपदफा (४) बमोजिमको जग्गा हो वा होईन भन्ने सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहको समन्वयमा यकिन गर्ने वा गराउने,

(झ) स्थानीय तहबाट भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण सम्बन्धी तथ्याङ्क प्राप्त भएपछि सोही बमोजिमका भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न कार्यप्रकृया शुरु गर्ने,

(ञ) स्थानीय विशिष्टता समेतको आधारमा शहरी क्षेत्रमा सामूहिक आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(ट) ऐनको दफा ५२ख. र ५२ग. बमोजिमको कार्य निर्धारित समयमै कार्य सम्पन्न गर्न जिल्लागत रुपमा

स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने,

(ठ) भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गर्ने,

(ड) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जुनसुकै निकायसँग कागजात माग गर्न, व्यक्तिलाई झिकाई बुझ्न, कागज गराउन, स्थलगत सर्जमिन गर्न वा गराउन सक्ने,

(ढ) हदबन्दी भन्दा बढी भई रोक्का रहेका जग्गा भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउन प्रयोग गर्ने,

(ण) जग्गाको वर्गीकरण गर्दा भू उपयोग ऐन, २०७६ बमोजिम वर्गीकरण गर्ने वा गराउने,

(त) नेपाल सरकारले तोकेका अन्य काम गर्ने ।

७. **आयोगको बैठक सम्बन्धी कार्यविधि**: (१) आयोगको बैठक आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगको बैठक बस्ने मिति, समय र स्थान तय भए पछि सदस्य-सचिवले बैठकको कार्यसूची, बैठक बस्ने मिति, समय र स्थान समेत खुलाई बैठक

बस्नु चौबिस घण्टा अगावै सो को सूचना सदस्यहरुलाई पठाउनु पर्नेछ ।

(३) दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यले सम्बन्धित प्रदेशको कामकारबाहीको लागि बसेको आयोगको बैठकमा भाग लिनेछ ।

(४) आयोगको बैठकमा आवश्यकता अनुसार विज्ञ, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

तर बैठकमा आमन्त्रित त्यस्तो विज्ञ वा पदाधिकारीलाई मत दिने अधिकार हुने छैन ।

(५) आयोगको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) आयोगको अध्यक्ष सहितको बहुमतको राय आयोगको निर्णय मानिनेछ ।

(७) अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>जिल्ला समितिको गठन</u>: (१) आयोगको काम, कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला समिति रहनेछः-

(क) नेपाल सरकारले मनोनयन गरेको व्यक्ति -अध्यक्ष

(ख) नेपाल सरकारले मनोनयन गरेको एक जना विज्ञ सहित दुई जना -सदस्य

(ग) प्रमुख, सम्बन्धित डिभिजन वन कार्यालय -सदस्य

(घ) प्रमुख, सदरमुकाम स्थित नापी कार्यालय -सदस्य

(ङ) प्रमुख, भूमिसुधार तथा मालपोत कार्यालय -सदस्य

(च) जिल्ला समन्वय अधिकारी -सदस्य-सचिव

(२) जिल्ला समितिको अध्यक्ष र नेपाल सरकारले मनोनयन गरेको सदस्यको पदावधि जिल्ला समितिको विघटन नभएसम्म कायम रहनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) मा उल्लिखित अवस्था रहेमा नेपाल सरकारले उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष वा सोही उपदफाको खण्ड (ख) बमोजिमको सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि सफाईको मनासिब मौका दिनु पर्नेछ ।

(५) जिल्ला समितिको सचिवालय सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको कार्यालयमा रहनेछ।

९. <u>जिल्ला समितिको बैठक सम्बन्धी कार्यविधिः</u> (१) जिल्ला समितिको बैठक आवश्यकता अनुसार सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) जिल्ला समितिले आवश्यकता अनुसार कुनै पदाधिकारी वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

तर त्यस्तो पदाधिकारी वा विज्ञलाई मत दिने अधिकार हुनेछैन ।

(३) जिल्ला समितिको बैठकमा सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) जिल्ला समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे
बमोजिम हुनेछ ।

१०. <u>जिल्ला समितिका अध्यक्ष र सदस्यका पद रिक्त हुने अवस्थाः</u> देहायको अवस्थामा जिल्ला समितिका अध्यक्ष र सदस्य पद रिक्त भएको मानिनेछः-

(क) नेपाल सरकार समक्ष राजीनामा दिएमा,

(ख) दफा ८ को उपदफा (३) बमोजिम पदबाट हटाइएमा,

(ग) निजको मृत्यु भएमा ।

११. <u>जिल्ला समितिको काम, कर्तव्य र अधिकार</u>: जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगले प्रत्यायोजित गरेका अधिकारको अधीनमा रही कार्य सम्पादन गर्ने,

(ख) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश सरकार र जिल्लाभित्रका स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(ग) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम दिने,

(घ) आयोगको कामकारबाहीका सम्बन्धमा सरोकारवालासँग छलफल र अन्तरक्रिया गर्ने,

(ङ) जिल्लाबाट सम्पादन भएका कामकारबाहीको प्रगति विवरण मासिक रुपमा आयोगमा पठाउने,

(च) भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा देखिएका समस्या जिल्लास्तरमा समाधान गर्न सकिने भए जिल्ला समितिबाट समाधान गर्ने र समाधान गर्न नसकिने भएमा समस्या समाधानको सम्बन्धमा आवश्यक निकासाको लागि आयोगमा लेखी पठाउने,

(छ) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहबाट भए गरेका कार्यको नियमित अनुगमन गर्ने,

(ज) आयोगले तोकेको अन्य काम गर्ने ।

१२. **विज्ञ सदस्यको योग्यता**: आयोगको विज्ञ सदस्यमा नियुक्त हुन स्नातक उपाधि प्राप्त गरी भूमि व्यवस्थापन वा कृषिको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव र जिल्ला समितिको विज्ञ सदस्यमा नियुक्त हुन कम्तीमा स्नातक उपाधि प्राप्त गरी भूमि व्यवस्थापन वा कृषिको क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

१३. **पारिश्रमिक तथा अन्य सुविधा**: (१) आयोगका अध्यक्षले राज्यमन्त्री सरहको तलब, भत्ता र सवारी साधनको सुविधा तथा सदस्यले राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले पाए सरहको तलब, भत्ता, सवारी साधन र ईन्धनको सुविधा पाउनेछ ।

(२) दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको सेवा सुविधा सम्बन्धित प्रदेश सरकारले तोके बमोजिमको हुनेछ ।

(३) जिल्ला समितिका अध्यक्षले राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतले पाए सरहको तलब, भत्ता र दफा ८ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यले राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतले पाए सरहको तलब भत्ता पाउनेछ ।

(४) आयोग र जिल्ला समितिमा काम गर्ने कर्मचारीहरुलाई निजहरुले खाइपाई आएको शुरु तलब स्केलको पच्चीस प्रतिशतले हुन आउने रकम मासिक भत्ताको रुपमा उपलब्ध गराइनेछ ।

(५) यस आदेश बमोजिमको कामको लागि फिल्डमा खटिने आयोग र जिल्ला समितिका अध्यक्ष, सदस्य तथा

कर्मचारीले प्रचलित कानून बमोजिम तत् तत् पदाधिकारी तथा कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

(६) दफा २४ को उपदफा (२) बमोजिम करारमा भर्ना गरिएका सवारी चालक र कार्यालय सहयोगीले निजामती सेवामा कार्यरत सवारी चालक र कार्यालय सहयोगीले पाए सरहको शुरु तलब स्केल र भ्रमण गर्दा निजहरुले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।

१४. <u>**सहयोग उपलब्ध गराउनु पर्ने**</u>: (१) आयोग र जिल्ला समितिले यस आदेश बमोजिमको कार्य सम्पादनको लागि आवश्यक पर्ने कागजात, विवरण, प्रमाण, जग्गा दर्ता सम्बन्धी मिसिल तथा अन्य सहयोग उपलब्ध गराई दिन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सो अन्तर्गतका कार्यालयमा माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भई आएमा सम्बन्धित निकायले माग बमोजिमको कागजात, विवरण, प्रमाण, जग्गा दर्ता सम्बन्धी मिसिल तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

१५. <u>**जग्गा लिन नहुने**</u>: आयोग तथा जिल्ला समितिका अध्यक्ष, सदस्य र सो आयोग वा जिल्ला समितिको काममा खटिएको कर्मचारी वा निजको परिवारले यस आदेश बमोजिमको जग्गा प्राप्त गर्न सक्ने छैनन्।

१६. <u>**कार्ययोजना बनाई काम गर्नुपर्ने**</u>: यस आदेशको कार्यान्वयन गर्न आयोग र जिल्ला समितिले आवश्यक कार्ययोजना र कार्यतालिका बनाई काम गर्नु पर्नेछ।

१७. **समन्वय गर्ने:** आयोगले भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि जग्गाको छनौट तथा व्यवस्थापन गर्न आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह र भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम ४१ग. र ४१छ. बमोजिमको समितिसँग समन्वय गर्न सक्नेछ ।

१८. **नेपाल सरकार समक्ष अनुरोध गर्न सक्ने:** (१) भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय तथा सहजीकरण हुन आवश्यक देखिएमा आयोगले त्यस्तो समन्वय तथा सहजीकरणका लागि मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगबाट अनुरोध भई आएमा नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तह तथा अन्य निकायसँग आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ ।

१९. **जग्गाधनी पूर्जा उपलब्ध गराउने:** (१) आयोगले पहिचान र प्रमाणीकरण भएका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउने जग्गाको नक्शा स्रेस्ता तयार गरी सोही आधारमा जग्गाधनी प्रमाणपूर्जा बनाई वितरणको लागि स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउँदा सगोलमा रहेका भए पतिपत्नीको संयुक्त नाममा पूर्जा तयार गरी उपलब्ध गराउनु पर्नेछ।

(३) नक्शा तयार गर्ने प्रयोजनको लागि जग्गाको क्षेत्रफल गणना गर्दा वर्ग मिटरमा उल्लेख गर्नु पर्नेछ । त्यसरी जग्गाको क्षेत्रफल वर्गमिटरमा कायम गर्दा दशमलव पछि दुई अङ्कसम्म उल्लेख गर्नु पर्नेछ ।

(४) आयोगबाट निर्णय भई स्वीकृत भएका नक्शा सम्बन्धित जिल्लाको सदरमुकाम स्थित नापी कार्यालयको नापी अधिकृत र जग्गाधनी स्रेस्ता तथा जग्गाधनी प्रमाण पूर्जा भूमिसुधार तथा मालपोत कार्यालयको मालपोत अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।

(५) आयोगबाट प्रमाणित अभिलेख सहित नक्शा स्रेस्ता प्राप्त भएपछि मालपोत र नापी कार्यालयले त्यस्तो नक्शा स्रेस्ता लागू गर्नु पर्नेछ ।

२०. **<u>बाँकी काम सम्पन्न गर्ने:</u>** (१) यो आदेश प्रारम्भ हुनु अघि भूमि सम्बन्धी समस्या समाधान गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, समिति वा कार्यदलबाट बाँकी रहेका काम वा भएका निर्णयको कार्यान्वयन समेत आयोगले गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आयोगले जिल्ला समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२१. **<u>निर्देशन दिन सक्ने</u>**: नेपाल सरकारले आयोगलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ ।

२२. **<u>राजस्व खातामा दाखिल गर्नु पर्ने:</u>** आयोगले ऐन बमोजिम गरेको जरिबाना बापत प्राप्त रकम र अव्यवस्थित बसोबासीलाई जग्गा

उपलब्ध गराए बापत प्राप्त दस्तुर नेपाल सरकारको राजश्व खाता जम्मा गर्नु पर्नेछ ।

२३. <u>बजेट सम्बन्धी व्यवस्था</u>: (१) आयोगले आफ्नो र जिल्ला समितिको लागि आवश्यक पर्ने बजेटको अनुमानित लागत तयार गरी निकासाको लागि मन्त्रालयमा माग गरी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजेट माग गर्दा वार्षिक कार्यक्रम, कार्ययोजना समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बजेट निकासाको लागि माग प्राप्त भए पछि मन्त्रालयले नेपाल सरकारको अर्थ मन्त्रालयमा लेखी पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा नेपाल सरकारको अर्थ मन्त्रालयले आयोग र जिल्ला समितिको लागि आवश्यक पर्ने बजेट मन्त्रालय मार्फत निकासा गर्नेछ ।

(५) उपदफा (४) बमोजिम निकासा भएको बजेट मध्येबाट आयोगले जिल्ला समितिलाई आवश्यक पर्ने बजेट उपलब्ध गराउनेछ ।

(६) आयोग र जिल्ला समितिको कार्य सञ्चालनका लागि छुट्टै बैङ्क खाता हुनेछ ।

(७) आयोग र जिल्ला समितिको सदस्य-सचिव र तोकिएको लेखा अधिकृत वा लेखापालको संयुक्त दस्तखतबाट आयोग र जिल्ला समितिको खाता सञ्चालन हुनेछ ।

(८) आयोग र जिल्ला समितिको आय-व्ययको लेखा प्रचलित सङ्घीय कानून बमोजिम राखिनेछ ।

(९) आयोग र जिल्ला समितिको लेखापरीक्षण प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

(१०) आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

२४. **कर्मचारी व्यवस्थापनः** (१) आयोगको कामको लागि आवश्यक पर्ने अनुसूचीमा उल्लेख भए बमोजिमका कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारी उपलब्ध नगराएमा आयोगले करार मार्फत कर्मचारी व्यवस्थापन गर्न सक्नेछ ।

(३) जिल्ला समितिको लागि आवश्यक पर्ने कर्मचारी प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित कार्यालयबाट काजमा खटाउनु पर्नेछ।

तर फिल्ड कार्यको लागि आवश्यक प्राविधिक कर्मचारीहरु आयोगको सिफारिसमा अस्थायी दरबन्दी स्वीकृत गरी नापी विभागले काजमा वा करारमा नियुक्त गरी उपलब्ध गराउनेछ ।

२५. **प्रतिवेदन पेश गर्नु पर्नेः** (१) आयोगले आफूले गरेका कामको प्रगति विवरण र जिल्ला समितिबाट प्राप्त प्रतिवेदनमा उल्लिखित विवरण समेत समावेश गरी चौमासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले नेपाल सरकार समक्ष पेश गर्न पर्नेछ ।

(३) जिल्ला समितिले आफूले सम्पादन गरेका कामको प्रगति विवरण त्रैमासिक रुपमा आयोग र प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

२६. **अधिकार प्रत्यायोजन**: (१) नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका अधिकार आयोगलाई प्रत्यायोजन गरेको छः-

(क) बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ४, ५, ७, ७क., ८, र १२क. मा उल्लिखित अधिकारहरु,

(ख) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३, ५, ६, ६ख., ६घ., ७, ८, ८क., ११, र ११ग. मा उल्लिखित अधिकारहरु,

(ग) उखडा सम्बन्धी ऐन, २०२१ को दफा ३ र ५ मा उल्लिखित अधिकारहरु,

(घ) भूमि सम्बन्धी ऐन, २०२१ को दफा १३, १४, १४क., १५, १६, १८(१), १९, २०, २१, २१ख., २२, २४, ५२ख., ५२ग., ५२घ. को खण्ड (क) र (ग), ५२ङ., ५२च. मा उल्लिखित अधिकारहरु,

(ङ) मालपोत ऐन, २०३४ को दफा ६, ७, ८, ८क., ८ख., २४, २५ र ३२ मा उल्लिखित अधिकारहरु,

(च) बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३, ३क., ३ग., ४, ५, ६, ७,

८, ९, १०, ११, १३, १५, १६ र २० मा उल्लिखित अधिकारहरु,

(छ) भूमि सम्बन्धी नियमहरु, २०२१ को परिच्छेद-३ मा उल्लिखित अधिकारहरु,

(ज) उखडा सम्बन्धी नियमहरू, २०२१ को नियम ३, ४, र ५ मा उल्लिखित अधिकारहरु,

(झ) मालपोत नियमावली, २०३६ को नियम ३, ४, ४क., ५क., ५घ., २२क. र २३ मा उल्लिखित अधिकारहरु,

(ञ) जग्गा नापजाँच नियमावली, २०५८ को नियम ४, ५, ८, ९, १०, १२, १३, १४, १५, १७, १८ र २४ मा उल्लिखित अधिकारहरु ।

(२) उपदफा (१) बमोजिमका अधिकारको प्रयोग आयोगको विघटन नभएसम्म आयोग वा आयोगले तोकेको अधिकारीले मात्र प्रयोग गर्नेछ।

(३) आयोग वा आयोगले तोकेको अधिकारीले उपदफा (१) मा उल्लिखित ऐन तथा नियम बमोजिमको अधिकारको प्रयोग गर्दा सोही ऐन तथा नियममा उल्लिखित कानूनी व्यवस्थाको पालना र कार्यविधिको प्रयोग गर्नु पर्नेछ ।

(४) आयोगले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार जिल्ला समिति वा कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. <u>आयोगको कार्यावधि, म्याद थप र विघटनः</u> (१) आयोगको कार्यावधि आयोग गठन भएको मितिले तीन वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र काम सम्पन्न हुन नसकेमा नेपाल सरकारले आयोगको अवधि बढीमा दुई वर्षसम्म थप गर्न सक्नेछ।

(३) नेपाल सरकारले आवश्यक ठानेमा जुनसुकै समयमा आयोग विघटन गर्न सक्नेछ । त्यसरी आयोग विघटन भएमा जिल्ला समिति समेत स्वतः विघटन हुनेछ।

(४) आयोगको काम सम्पन्न भएपछि वा आयोगको विघटन भएमा आयोग वा जिल्ला समितिबाट भए गरेको काम कारबाही सम्बन्धी निर्णय, अभिलेख, नक्शा र स्रेस्ता लगायतका सम्पूर्ण कागजात सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयमा हस्तान्तरण गर्नु पर्नेछ।

२८. <u>खारेजी र बचाउः</u> यो आदेश जारी हुनु पूर्व मालपोत ऐन, २०३४ को दफा ७क. को उपदफा (१) बमोजिम गठन भएका जग्गा दर्ता समितिहरु यो आदेश लागू भएपछि स्वतः खारेज हुनेछन् र त्यस्ता समितिबाट सम्पन्न हुन बाँकी काम आयोगले गर्नेछ ।

# अनुसूची

(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

आयोगको लागि आवश्यक पर्ने कर्मचारीको विवरण

दरबन्दी विवरण

| क्र. सं | पद नाम | श्रेणी | सेवा | समुह | सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सामान्य प्रशासन | ३ |
| २ | उपसचिव | रा.प.द्वि. | प्रशासन | लेखा | १ |
| ३ | प्रमुख नापी अधिकृत | रा.प.द्वि. | ईन्जिनियरिङ्ग | सर्भे | २ |
| ४ | उपसचिव (कानून) | रा.प.द्वि. | कानून | कानून | १ |
| ५ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सामान्य प्रशासन | ५ |
| ६ | नापी अधिकृत | रा.प.तृ. | ईन्जिनियरिङ्ग | सर्भे | ३ |
| ७ | कानून अधिकृत | रा.प.तृ. | कानून | कानून | १ |
| ८ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | १ |
| ९ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ |
| १० | नायब सुब्बा/ले.पा | रा.प. अन. प्र | प्रशासन | सा. प्र/लेखा | ७ |
| ११ | सर्भेक्षक | रा.प. अन. प्र. | ईन्जिनियरिङ्ग | सर्भे | ४ |
| १२ | कम्प्युटर अपरेटर | रा.प. अन. प्र | विविध | | २ |
| १३ | खरिदार | रा.प. अन. द्वि. | प्रशासन | सामान्य प्रशासन | २ |
| १४ | ड्राईभर | विहिन | | | ५ |
| १५ | कार्यालय सहयोगी | विहिन | | | ४ |
| | जम्मा | | | | ४२ |

## सूचना २

नेपाल सरकारले भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ बमोजिम भूमि सम्बन्धी समस्या समाधान आयोगको अध्यक्ष तथा सदस्यमा देहायका व्यक्तिहरुलाई मनोनयन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष पदमा भरतपुर महानगरपालिका-४, चितवनका श्री देवी प्रसाद ज्ञवाली,

(ख) भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको विज्ञ सदस्य पदमा मेलम्ची नगरपालिका-६, सिन्धुपाल्चोकका श्री जगत बहादुर देउजा,

(ग) भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य पदमा देहायका व्यक्तिहरुः-

(१) नरैनापुर गाउँपालिका-२, बाँकेका श्री दिनेश चन्द्र यादव,

(२) पोखरा महानगरपालिका - ३३, कास्कीका श्री भीम बहादुर कार्की,

(३) ललितपुर महानगरपालिका-१६, ललितपुरका श्री मञ्जली शाक्य बज्राचार्य ।

आज्ञाले,
केदार न्यौपाने
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।–
गो.हु.द.नं. १६।२०६२।६३